# स्थानीय राजपत्र

**केराबारी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ७, संख्या ५, १५ श्रावण २०८०**


**भाग-२**

## केराबारी गाउँपालिकाको प्रधानाध्यापक छनौट, नियुक्ति तथा व्यवस्थापन कार्यविधि, २०८०

कार्यपालिकाबाट पारित मिति: २०८०।०४।१५

प्रमाणीकरण मिति:२०८०।०४।१५

**प्रस्तावना:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) र केराबारी गाउँपालिकाको शिक्षा ऐन २०७५ को खण्ड (क), दफा ५१ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी केराबारी गाउँपालिकाद्वारा विद्यालयको प्राज्ञिक, व्यवस्थापकीय तथा प्रशासनिक जिम्मेवारी निर्वाह गरी विद्यालयको प्रमुख कार्यकारी पदाधिकारीको रुपमा नेतृत्व गर्ने प्रधानाध्यापक छनौट तथा व्यवस्थापन

गर्न वाञ्छनीय भएकाले केराबारी गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "केराबारी गाउँपालिकाको प्रधानाध्यापक छनौट, नियुक्ति तथा व्यवस्थापन कार्यविधि २०८०" रहेको छ ।

(२) यो कार्यविधि केराबारी गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुमा लागु हुनेछ ।

(३) यो कार्यविधि केराबारी गाउँपालिकाको गाउँकार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

१. "गाउँपालिका" भन्नाले केराबारी गाउँपालिका, केराबारी, मोरङलाई सम्झनुपर्छ ।

२. "ऐन" भन्नाले केराबारी गाउँपालिकाको शिक्षा ऐन, २०७५ सम्झनुपर्छ ।

३. "कार्यविधि" भन्नाले केराबारी गाउँपालिकाको प्रधानाध्यापक छनौट, नियुक्ति तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८० सम्झनुपर्छ ।

४. "कार्यपालिका" भन्नाले केराबारी गाउँकार्यपालिका सम्झनुपर्छ ।

५."कार्यालय" भन्नाले केराबारी गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

६. “शाखा” भन्नाले केराबारी गाउँपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

७. “सामुदायिक विद्यालय” भन्नाले प्रचलित कानुन बमोजिम सामुदायिक विद्यालयको रुपमा अनुमति तथा स्वीकृत प्राप्त विद्यालय सम्झनुपर्छ ।

८. “संस्थागत विद्यालय” भन्नाले प्रचलित कानून बमोजिम सञ्चालनको लागि अनुमति प्राप्त विद्यालय सम्झनुपर्छ ।

९. “विद्यालय व्यवस्थापन समिति” भन्नाले प्रचलित कानुन बमोजिम प्रत्येक सामुदायिक विद्यालयमा गठन भएका विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

१०. “प्रधानाध्यापक” भन्नाले विद्यालयको प्राज्ञिक, व्यवस्थापकिय तथा प्रशासनिक जिम्मेवारी निर्वाह गरी नेतृत्व गर्ने विद्यालयको प्रमुख कार्यकारी पदाधिकारीलाई सम्झनुपर्छ ।

११. "शिक्षक" भन्नाले सामुदायिक विद्यालयका विभिन्न तहमा स्थायी, करार तथा राहत दरबन्दीमा नियुक्ती भएको शिक्षक र साबिकको उच्च माध्यमिक तहको अनुदान कोटा र शिक्षण सिकाइ सहयोग अनुदानको एकमुष्ठ रकमबाट तलव खाने गरी नियुक्त शिक्षक समेतलाई सम्झनुपर्छ ।

१२. "अधिकृत कर्मचारी" भन्नाले संघीय सरकार, प्रदेश सरकार वा स्थानीय सरकारमा कार्यरत अधिकृतस्तरको स्थायी कर्मचारीलाई सम्झनुपर्छ ।

१३. “छनौट समिति” भन्नाले दफा ४ को उपदफा (१) बमोजिमको प्रधानाध्यापक छनौट समितिलाई सम्झनुपर्छ ।

**३. प्रधानाध्यापक विद्यालयको प्रमुख हुनेः** (१) विद्यालयको प्राज्ञिक तथा प्रशासनिक प्रमुखको रुपमा कार्य गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकले विद्यालयको समग्र प्राज्ञिक, व्यवस्थापकीय तथा प्रशासनिक उत्तरदायित्व वहन गर्नुपर्नेछ ।

**४. प्रधानाध्यापक छनौट समितिः** (१) विद्यालयको प्रधानाध्यापक छनौट गरी नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको एक प्रधानाध्यापक छनौट समिति रहनेछ: -

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - संयोजक

(ख) गाउँपालिकाको शिक्षा अधिकृत वा गाउँपालिकाले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य

(ग) शिक्षा विकास तथा समन्वय इकाइले तोकेको अधिकृतस्तरको कर्मचारी एक जना -सदस्य

(घ) गाउँ शिक्षा समितिको अध्यक्षले मनोनित गरेको विज्ञ एक जना र विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको विज्ञ एक जना गरी जम्मा दुई जना- सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक- सदस्य-सचिव

(२) खण्ड (घ) बमोजिम विज्ञ मनोनित गर्दा प्रधानाध्यापक पदको लागि उम्मेद्वार हुने शिक्षक भन्दा सम्भव भए सम्म वरिष्ठ विज्ञलाई मनोनित गर्नुपर्नेछ ।

(३) खण्ड (ङ) को हकमा विद्यालयको बहालवाला प्रधानाध्यापक पनि प्रतिस्पर्धामा सहभागी हुने भएमा वा प्रधानाध्यापक पद रिक्त

भएको अवस्थामा विद्यालयको समान तहको बरिष्ठतम् शिक्षकले सदस्य-सचिव भई काम गर्नेछ । तर समान तहको शिक्षक उक्त विद्यालयमा नभएमा प्रतिस्पर्धामा सहभागी नभएको त्यस विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये वरिष्ठतम् शिक्षकले सदस्य सचिव भई काम गर्नेछ ।

(४) प्रधानाध्यापक छनौट कार्यका लागि सम्बन्धित विद्यालय नै सचिवालयका रुपमा रहनेछ र सदस्य - सचिव ले सो सचिवालयको व्यवस्थापनको काम गर्नुपर्नेछ । सदस्य-सचिव बाहेक अन्य सदस्यले मूल्याङ्कनकर्ताको भूमिका निर्वाह गर्नुपर्नेछ ।तर खण्ड (ख) र (ग) मध्ये कुनै एक सदस्य अनुपस्थित भएको अवस्थामा समेत छनौट प्रक्रिया अघि बढाउन बाधा पर्नेछैन ।

(५) माध्यमिक र आधारभुत तह (कक्षा ६-८) को विज्ञको लागि शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र प्राथमिक तहको हकमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्नेछ । सम्बन्धित तहमा कम्तीमा ५ वर्ष प्रधानाध्यापकको जिम्मेवारी निर्वाह गरेको विज्ञ शिक्षकलाई प्राथमिकता दिनुपर्नेछ ।

(६) उपदफा (१) बमोजिमको प्रधानाध्यापक छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

**५. प्रधानाध्यापक हुन चाहिने न्युनतम योग्यता र अनुभवः** (१) आधारभूत तह (कक्षा ५ वा सो भन्दा तल्लो कक्षा सञ्चालित) को प्रधानाध्यापकको लागि शिक्षाशास्त्र विषयमा कम्तीमा प्रविणता

प्रमाणपत्र तह वा सो सरह, आधारभूत तह (कक्षा ६–८) को लागि शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह वा सो सरहको योग्यता हासिल गरेको र माध्यमिक तहको हकमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको योग्यता भएको सम्बन्धित तहको स्थायी शिक्षक प्रधानाध्यापक छनौट प्रक्रियामा उम्मेद्वार हुन सक्नेछ ।

तर शिक्षाशास्त्र विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी माध्यमिक तहमा दश वर्ष स्थायी सेवा गरेको शिक्षक माध्यमिक तहको प्रधानाध्यापकको पदमा उम्मेद्वार हुन पाउनेछ ।

**६. निमित्त प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक अनुपस्थित भएमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये वरिष्ठतम स्थायी शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले निमित्त प्रधानाध्यापकको जिम्मेवारी प्रदान गर्नुपर्नेछ।

यस दफा बमोजिम निमित्त प्रधानाध्यापक नियुक्त गर्दा वरिष्ठतम शिक्षक छुट्याउन नसकिने अवस्था भएमा माथिल्लो शैक्षिक योग्यता भएको र सो बाट पनि वरिष्ठता नछुट्टीएमा माथिल्लो शैक्षिक योग्यताको प्राप्तांक प्रतिशतको आधारमा सबैभन्दा धेरै प्राप्तांक हासिल गरेको शिक्षकलाई नियुक्त गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयमा स्थायी शिक्षक उपलब्ध नभएमा अस्थायी/करार/राहत शिक्षकहरु मध्ये वरिष्ठतम शिक्षकलाई निमित्त प्रधानाध्यापकको जिम्मेवारी दिनुपर्नेछ ।

**७. प्रधानाध्यापक छनौट सम्बन्धी व्यवस्थाः** (१) विद्यालयको प्रधानाध्यापक छनौटका लागि देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्नेछः-

(क) कुनै विद्यालयमा प्रधानाध्यापक पद रिक्त भइ निमित्त प्रधानाध्यापकद्धारा विद्यालय सञ्चालन भएको अवस्थामा वा बहालवाला प्रधानाध्यापकको अवधि समाप्त भएमा विद्यालय व्यवस्थापन समितिले सोको जानकारी लिखित रुपमा १५ (पन्ध्र) दिन भित्र गाउँपालिकाको शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिम जानकारी प्राप्त भएपछि शिक्षा शाखाले प्रस्ताव तयार गरी अनुमतिको निर्णयको लागि गाउँ शिक्षा समिति समक्ष पेश गर्नुपर्नेछ ।

(ग) गाउँ शिक्षा समितिले अनुमति दिने निर्णय गरेमा सो को जानकारी शिक्षा शाखाले सम्बन्धित विद्यालयलाई गराउनुपर्नेछ र अनुमति प्राप्त भएपछि विद्यालय व्यवस्थापन समितिले कम्तीमा १५ दिनको म्याद राखी प्रधानाध्यापकको लागि विद्यालय विकास प्रस्ताव सहित दरखास्त आव्हान गर्नुपर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम दरखास्त आव्हान भएमा सम्बन्धित शिक्षकले व्यवस्थापन समितिले तोकेको म्यादभित्र यस कार्यविधिको अनुसुची -१ बमोजिमको विद्यालय विकास प्रस्ताव सहित दरखास्त दिन सक्नेछ ।

(ङ) खण्ड (घ) बमोजिम प्राप्त विद्यालय विकास प्रस्ताव सहितको दरखास्त र अन्य कागजातहरु व्यवस्थापन समितिले छनौट समिति समक्ष पठाउनुपर्नेछ ।

(च) छनौट समितिले आवेदकहरु मध्येबाट यस कार्यविधिको अनुसूची-२ बमोजिमको मूल्याङ्कनका आधार बमोजिम प्रधानाध्यापक छनौट गर्नुपर्नेछ र छनौट भएको उम्मेद्वारलाई विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गरी पठाउनुपर्नेछ ।

(छ) व्यवस्थापन समितिले छनौट भएको उम्मेद्वारलाई सिफारिसको लागि आवश्यक कागजात सहित गाउँपालिकामा पठाउनुपर्नेछ र गाउँपालिकाले प्रधानाध्यापक नियुक्तिको लागि शिक्षा विकास तथा समन्वय इकाइमा लेखी पठाउनुपर्नेछ ।

तर न्यूनतम साठी अङ्क प्राप्त नगर्ने उम्मेद्वारलाई प्रधानाध्यापक पदमा नियुक्तिको लागि सिफारिस गरिनेछैन ।

(ज) खण्ड (छ) बमोजिम लेखी आएमा शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखले निजले पेश गरेको विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरु समयबद्ध रुपमा पूरा गर्ने कार्यदक्षता करार गरी सिफारिस भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित उम्मेद्वारलाई प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ ।

(२) प्रधानाध्यापकको पदावधि पाँच वर्षको हुनेछ र निज सम्बन्धित विद्यालयको व्यवस्थापन समितिको सिफारिसमा पुन : सो पदमा नियुक्त हुन सक्नेछ ।

(३) प्रधानाध्यापकले आफूले गरेको कार्यदक्षता करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको वा निजको आचरण खराब रहेको कुरा सम्बन्धित व्यवस्थापन समितिले ठहर

गरी गाउँपालिकामा पठाएमा र गाउँपालिकाले मनासिव ठानेमा निजलाई प्रधानाध्यापक पदबाट हटाउन शिक्षा विकास तथा समन्वय इकाइ समक्ष सिफारिस गरी पठाउनेछ । गाउँपालिकाको सिफारिस अनुसार शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखले निजलाई प्रधानाध्यापकको पदबाट हटाउनुपर्नेछ ।

(४) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो उपदफा बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिनेछैन ।

(५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले प्रधानाध्यापकको नियुक्ति गर्दा छुट्टै प्रक्रिया निर्धारण गरी नियुक्ति गर्न सक्नेछ ।

**८. प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारः** प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार केराबारी गाउँपालिकाको शिक्षा ऐन २०७५ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

**९. प्रधानाध्यापक भत्ता:** (१) विद्यालयका प्रधानाध्यापकले देहाय बमोजिम मासिक भत्ता उनेछ:-

(क) संघीय सरकारबाट प्राप्त हुने भत्ता

(ख) स्थानीय तहबाट प्रदान गरिने प्रोत्साहन रकम/भत्ता

**१०. प्रधानाध्यापकको बिदा र काज सम्बन्धी व्यबस्था:** (१) कम्तीमा तीन दिनसम्म बिदामा बस्नु परेमा वा काजमा जानु परेमा

विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई कारण सहित जानकारी दिई बस्नुपर्नेछ ।

तर, तीन दिन भन्दा बढी प्रचलित कानून बमोजिम विदामा बस्नुपरेमा वा काजमा जानु परेको अवस्थामा विद्यालय व्यवस्थापन समितिको स्वीकृती लिई सोको जानकारी लिखित रुपमा कार्यालयमा दिनुपर्नेछ ।

**११. सट्टा शिक्षक वा काज खटाउने सम्बन्धी व्यवस्थाः** (१) स्थायी शिक्षक नभएको वा विद्यालय सञ्चालन भएको माथिल्लो तहमा स्थायी शिक्षक नभएको गाउँपालिकाभित्रको कुनै विद्यालयमा प्रधानाध्यापक व्यवस्थापन गर्न गाउँपालिकाले पालिकाभित्रका अन्य विद्यालयका स्थायी शिक्षकहरुमध्येबाट प्रधानाध्यापक छनौट गरी काजमा पठाउन सक्नेछ।यसरी काजमा खटिएको शिक्षकको पदाधिकार रहेको विद्यालयमा शिक्षक अभाव हुने अवस्था रहेमा गाउँपालिकाले प्रधानाध्यापक काजमा रहेको विद्यालयबाट सट्टा शिक्षकको रुपमा वा गाउँपालिकाको आन्तरिक स्रोतबाट नियुक्त स्वयंसेवकलाई काज खटाउन सक्नेछ । यसरी प्रधानाध्यापक व्यवस्थापन गर्नुपरेमा गाउँ शिक्षा समितिले आवश्यक मापदण्ड बनाई कार्यान्वयन गर्न सक्नेछ ।

**१२. विज्ञ व्यवस्थापन/विविधः**(१) प्रधानाध्यापक छनौटको लागि शिक्षा विकास तथा समन्वय इकाइ मोरङ वा मोरङ जिल्लाका स्थानीय तहहरुबाट सूचीकृत विज्ञहरुलाई उपयोग गर्न सकिनेछ ।

(२) छनौट परीक्षाको आर्थिक लगायत सम्पूर्ण व्यवस्थापन गर्ने दायित्व सम्बन्धित विद्यालयको हुनेछ ।

(३) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा आइपरेमा कार्यपालिकाको निर्णयले फुकाउन सकिनेछ ।

(४) यो कार्यविधिमा आवश्यकता अनुसार संसोधन गर्न सकिनेछ ।

**१३. खारेजी र बचाउः** (१) यो कार्यविधि जारी हुनुपुर्व यस संग सम्बन्धित भए गरेका कार्यहरु केराबारी गाउँपालिकाको शिक्षा ऐन २०७५ र यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(२) यस कार्यविधिमा भएका प्रावधान बाहेक अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसुची: १

(दफा ७ को उपदफा १ (घ) संग सम्बन्धित)

विद्यालय विकास प्रस्तावको ढाँचा

**१. परिचयः**

**२. दुर दृष्टि, लक्ष्य, उदेश्यः**

**३. विद्यालयको सेवा क्षेत्रको विश्लेषण**

क) विद्यालयको सेवाक्षेत्र: (सेवाक्षेत्रभित्र पर्ने गाउँ, शहर, टोल खुलाउने र पूर्व निर्धारित चार किल्लाको विवरण उल्लेख गर्ने)

ख) सेवा क्षेत्रको आर्थिक, सामाजिक, भौतिक, प्राकृतिक अवस्थाः (सेवाक्षेत्र भित्रका नागरिकको पेशा, आर्थिक गतिविधि, गरिबीको अवस्था, विकासका पूर्वाधारको अवस्था, सामाजिक सचेतनाको स्तर, प्राकृतिक श्रोतसाधन आदि विषयको संक्षिप्त विश्लेषण गर्ने)

ग) सेवा क्षेत्रको जनसांख्यिक तथा शैक्षिक अवस्था विश्लेषण: (सेवा क्षेत्रको जनसंख्याको विवरण र उक्त क्षेत्रको शैक्षिक सूचकहरुको अवस्था (जस्तै साक्षरता, विद्यालयको पहुँच) नागरिकको शिक्षाप्रतिको चासो, जनसहभागिता आदि विषयको विश्लेषण गर्ने)

**४. विद्यालयका विद्यमान समस्याहरुको विश्लेषण, समाधान र विद्यालयको सुधारः**

(निम्न बुँदामा आधारित भई विश्लेषण गर्ने)

क) सेवा क्षेत्रको जनसंख्या

ख) विद्यालयको भौतिक अवस्था

ग) विद्यालयको शैक्षिक अवस्था

घ) विद्यालय समुदाय बीचको सम्बन्ध

ङ) विद्यालयको आर्थिक अवस्था

**५. विद्यालय विकास योजना (रणनीति र कार्यनीति सहित) सुधारको ५ बर्षे कार्ययोजनाः**

| सुधारको क्षेत्र | सुधारका क्रियाकलाप | कार्य प्रक्रिया | जिम्मेवारी | उपलब्धि सूचक | स्रोत व्यवस्था | समयावधि |
|---|---|---|---|---|---|---|
| भौतिक पक्ष | | | | | | |
| आर्थिक पक्ष | | | | | | |
| शैक्षिक पक्ष | | | | | | |
| व्यवस्थापकीय पक्ष | | | | | | |

**६. बार्षिक कार्यान्वयन कार्ययोजनाः**क) आर्थिक व्ययभार पर्ने र नपर्ने क्रियाकलापहरु समावेश गरी कार्ययोजना प्रस्तुत गर्नुपर्नेछ ।

**७. संस्थागत क्षमता विकासः**

(क) जनशक्ती विकास

(ख) भौतिक संरचना विकास

ग) अन्य

# अनुसूची २

(दफा ७ को उपदफा (१) को खण्ड (च) सँग सम्बन्धित)

## प्रधानाध्यापक छनौट तथा मूल्याङ्कनका आधारहरु

| क.सं. | मूल्याङ्कनको आधार | आधारको विस्तृतीकरण | पूर्णाङ्क |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | क) न्यूनतम शैक्षिक योग्यता-१५ (प्रथम श्रेणी १५, द्वितीय श्रेणी १२ र तृतीय श्रेणी बापत ९ अङ्क)<br>ख) माथिल्लो शैक्षिक योग्यता-१० (प्रथम श्रेणी १०, द्वितीय श्रेणी ७ र तृतीय श्रेणी बापत ४ अङ्क) | २५ |
| २ | शिक्षण अनुभव | शिक्षण अनुभव बापत अङ्क प्रदान गर्दा सम्बन्धित तह (विद्यालय) मा स्थायी नियुक्ति पाइ शिक्षण गरेको भए प्रति वर्षको जुन तहको शिक्षक हो सो तहको प्रथम श्रेणीको भए २.५ अङ्कका दरले, द्वितीय श्रेणीको भए २.० अङ्कका दरले र तृतीय श्रेणीको भए १.५ अङ्कका दरले बढीमा २५ अङ्क दिइनेछ । | २५ |

| | | | |
|---|---|---|---|
| | | तर महिलाको हकमा २५ अङ्क ननाघ्ने गरी बीस प्रतिशत अङ्क थप गरिनेछ । | |
| ३ | तालिम | क) शैक्षिक तालिम-१० (प्रथम श्रेणी १०, द्वितीय श्रेणी ८ र तृतीय श्रेणी बापत ६ अङ्क)<br>ख) न्यूनतम् ३० कार्यदिनको विद्यालय व्यवस्थापन/प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम बापत २ अङ्क | १२ |
| ४ | अध्यापन | अध्यापन गरेको विषयमा प्राप्त नतिजा बापत | १२ |
| ५ | विद्यालय विकास प्रस्ताव | क) विद्यालय विकास प्रस्ताव-१०<br>ख) विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण-४ | १४ |
| ६ | नेतृत्व लिने क्षमता | क) शिक्षा विकास तथा समन्वय इकाइको प्रमुखको मूल्याङ्कनबाट-५<br>ख) व्यवस्थापन समितिको मूल्याङ्कनबाट-५<br>ग) सम्बन्धित विद्यालयका शिक्षकहरुको | १२ |

| | | | |
|---|---|---|---|
| | | मूल्याङ्कनबाट-२ | |
| **जम्मा** | | | १०० |

**द्रष्टव्यः**

१. माध्यमिक तहको हकमा माथिल्लो शैक्षिक योग्यता भन्नाले एम. फिल. लाई जनाउनेछ ।

तर १० वर्ष स्थायी सेवा गरेका शिक्षक उम्मेद्वारको हकमा स्नातक तहको शैक्षिक योग्यताको क्रमशः प्रथम श्रेणीको भए १०, द्वितीय श्रेणीको भए ८ र तृतीय श्रेणीको भए ६ अङ्क दिइनेछ ।

२. विद्यालय विकास प्रस्ताव अध्ययनका लागि सदस्य सचिवले मूल्याङ्कनकर्तालाई १/१ प्रति उपलब्ध गराउनुपर्नेछ र सो अध्ययनका लागि १ हप्ताको समय उपलब्ध गराइनेछ ।

३. शिक्षण अनुभव वापत अङ्क प्रदान गर्दा सम्बन्धित तहमा स्थायी नियुक्ति पाई शिक्षण गरेको हुनुपर्नेछ ।

४. शैक्षिक तालिम भन्नाले शिक्षकको पेशागत विकास तालिम (TPD) लाई जनाउनेछ ।

५. अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत पछिल्लो तीन शैक्षिक सत्रको प्रति शैक्षिक सत्रको बढीमा चार अङ्कका दरले अधिकतम १२ अङ्क दिइनेछ । अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत अङ्क दिंदा प्रति वर्ष देहायका आधारमा दिइनेछ ।

<u>अध्यापन गरेको विषयको कक्षागत औसत उत्तीर्ण प्रतिशत</u> x ४
सम्बन्धित विषयको भौगोलिक इकाइको औसत उत्तीर्ण
प्रतिशत

(क) भौगोलिक इकाइको औसत उत्तीर्ण प्रतिशतको अङ्क ४० भन्दा कम भएमा ४० लाई मानिनेछ । यस खण्डको प्रयोजनका लागि भौगोलिक इकाइ भन्नाले केराबारी गाउँपालिकालाई जनाउनेछ।

यस खण्डको प्रयोजनको लागि अङ्क गणना गर्दा सामान्यतया माध्यमिक तहको हकमा SEE को, आधारभूत तह (कक्षा ८ सम्म सञ्चालित विद्यालयको लागि) को हकमा कक्षा ८ को र आधारभूत तह (कक्षा ५ सम्म सञ्चालित विद्यालयको लागि) को हकमा कक्षा ५ को नियमित परीक्षार्थीको नतिजालाई आधार मानिनेछ ।

६. प्रतियोगी शिक्षकले Power Point Presentation वा अन्य उपयुक्त विधिको प्रयोग मार्फत विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण गर्नुपर्नेछ साथै मूल्याङ्कनकर्ताले प्रतियोगीसँग विद्यालय विकास प्रस्ताव सम्बन्धी छुट्टा छुट्टै गहन छलफल पश्चात मूल्याङ्कन गर्नुपर्नेछ । विद्यालय विकास प्रस्तावबापत १० अङ्क र सोको प्रस्तुतीकरण वापत ४ अङ्क दिइनेछ । प्रस्तावबापत अङ्क प्रदान गर्दा ८० प्रतिशत भन्दा बढी र ४० प्रतिशत भन्दा कम दिनु परेमा सो को पुष्ट्याँईसमेत दिनुपर्नेछ ।

७. शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख र व्यवस्थापन समितिले प्रधानाध्यापकको उम्मेद्वारको नेतृत्व लिने क्षमताको मूल्याङ्कन देहायका आधारमा गर्नुपर्नेछ :

| **मूल्याङ्कनका आधारहरु** | **अति उत्तम** (१.२५) | **उत्तम** (१.००) | **मध्यम** (०.७५) | **सामान्य** |
|---|---|---|---|---|
| क) शिक्षण पेशाप्रति निष्ठावान तथा लगनशील | | | | |
| ख) विद्यालयको शैक्षिक गुणस्तर प्रतिको समर्पण भाव | | | | |
| ग) विद्यार्थी, शिक्षक र व्यवस्थापन समितिबीच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता | | | | |
| घ) उत्तरदायित्व र पारदर्शिता सम्बन्धी व्यवहार | | | | |
| **जम्मा** | | | | |

८. व्यवस्थापन समितिले उम्मेद्वारको मूल्याङ्कन गर्दा बैठक बसी लिखित निर्णय गर्नुपर्नेछ ।

९. सम्बन्धित विद्यालयका शिक्षकहरुले मूल्याङ्कन गरी अङ्क प्रदान गर्दा खण्ड (७) मा उल्लेखित मूल्याङ्कनको आधारमा अति उत्तम, उत्तम, मध्यम र सामान्य बापत क्रमशः ०.५, ०.४, ०.३ र ०.२ अङ्क प्रदान गर्नुपर्नेछ । शिक्षक छनौट समितिले व्यवस्थापन समितिद्वारा तोकिएको अवधिभित्र शिक्षकहरुबाट प्राप्त मूल्याङ्कनको औषत अङ्क निकाल्नुपर्नेछ । शिक्षकहरुले अलग- अलग फारममा गोप्य मूल्याङ्कन गरी व्यवस्थापन समितिले तोकेको अवधिभित्र आफ्नो मूल्याङ्कन शिक्षक छनौट समितिलाई बुझाउनुपर्नेछ । उम्मेद्वार हुनेले मूल्याङ्कनमा सहभागी हुन पाउनेछैन ।

१०. नेतृत्व लिने क्षमता बापत अङ्क प्रदान गर्दा समेत ८० प्रतिशत भन्दा बढी र ४० प्रतिशत भन्दा कम अङ्क दिनुपरेमा सोको पुष्ट्याँई समेत दिनुपर्नेछ ।

११. शिक्षक छनौट समितिले प्रधानाध्यापक पदको लागि सिफारिस गर्दा महिला, दलित र अपाङ्ग उम्मेद्वार र अन्य उम्मेद्वारको अङ्क बराबर भएमा क्रमशः महिला, दलित र अपाङ्ग उम्मेद्वारलाई सिफारिस गर्नुपर्नेछ ।

आज्ञाले,

विनोद भट्टराई

प्रमुख प्रशासकीय अधिकृत